# Gaumukhi Rural Municipality

## Office of Rural Municipal Executive

Puja, Pyuthan

# Invitation for Bids (IFB)

**IFB No: 2083/084-1**

Date of publication: 2083/06/27 (13th Oct 2026)

1. Gaumukhi Rural Municipality, Office Pyuthan invites Hardcopy Bids From Nepalese eligible bidders for the following works.

| S. N | Contract Identification Number | Name of Work | Estimated Cost Without (Vat & Ps) | Bid Security Amount (Nrs) | bid Document Fee (Nrs) | (Bid + Security) validity Period | AACT (Nrs) | Specific Construction Experience |
|---|---|---|---|---|---|---|---|---|
| 1 | GRM/PYU/ NCB/W/ 2083/084-1 | Upgrading of Aarabare Arkha To Sadak | NA | 6,50,000 | 5,000.00 | 90/120Day | 3,95,00,000 | Construction of at least All Type of Soil & Rock Cutting Work of minimum 1.83 Cr.within last 10 years. |
| 2 | GRM/PYU/ NCB/W/ 2083/084-2 | Upgrading of Hariyakhola To Falate Sadak | 1,05,66,190.40 | 3,00,000 | 3,000.00 | 90/120Day | N/A | N/A |

2. Submission and Opening Details.

| Submission Deadline | | | Opening Deadline | | Remarks |
|---|---|---|---|---|---|
| Date | Time | Submission Adress | Date | Time | |
| 03 Nov 2026 (17 Kartik,2083) | 12:00 Hrs | Office or gaumukhirm2073@gmail.com | 03 Nov 2026 (17 Kartik,2083) | 1:00 Hrs | Opening will be done at GRM Office Pyuthan,Puja.(NCB) |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gaumukhi Rural Municipality, Pyuthan During office hours.
4. Information to deposite the bid security and cost of bidding document in bank.

| Account Holder's name | Bank name and Address. Gaumukhi-5,Thulabesi | Account number | Account number | Rajaswa shirshak No | Office Code No. |
|---|---|---|---|---|---|
| Gaumukhi rural Municipality Office Puja, Pyuthan | Nepal SBI Bank Gaumukhi Branch.Gaumukhi-5, Thulabesi | 41425240600014 (rajaswa) | 41425240600013 (Dharauti) | 14229 | 801055504 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Note: "The bidding document is available also on the office website: https://gaumukhimun.gov.np."

**Cheif Administrative Officer**

मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

राष्ट्रिय दैनिक
मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

ग्राहक महानुभावमा अनुरोध
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्नु परेमा
- विज्ञापन दिनु परेमा

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल, ९, मिलनचोक, रुपन्देही
फोन: ०७१, ५३६००५

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं
- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२६ | अंक-२७८ | २०८३ असोज २७ गते मंगलबार | 13 Oct.- 2026 Tuesday | पृष्ठ ४ | मूल्य रू. १०।-

# उद्योगीका समस्या समाधान गर्न तीनै तहका सरकारलाई आग्रह




बुटवल, असोज २६ (मेसस) । रूपन्देहीका उद्योगीहरूले उद्योग व्यवसाय सञ्चालनका क्रममा भोग्नुपरेका नीतिगत समस्या, करको भार, जग्गाको अभाव, बैंकबाट ऋण लिन कठिनाइ तथा औद्योगिक क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकारसँग आग्रह गरेका छन् ।

रूपन्देही उद्योग संघको सोमबार बुटवलमा सम्पन्न ४८ औं साधारणसभामा सहभागी उद्योगीहरूले उद्योगमैत्री वातावरण निर्माण, लगानीको सुरक्षा र निजी क्षेत्रको मनोबल बढाउने नीति आवश्यक रहेको बताए । कार्यक्रममा अध्यक्ष कृष्णप्रसाद पराजुलीले संघको धारणा प्रस्तुत गर्दै उद्योगीहरूले विभिन्न शीर्षकमा धेरै स्थानमा कर तिर्नुपरेको, उद्योग विस्तारका लागि पर्याप्त जग्गा उपलब्ध नभएको तथा नीतिगत जटिलताका कारण व्यवसाय सञ्चालनमा कठिनाइ भएको गुनासो गरेका थिए । उनले स्वदेशी उद्योगीलाई टिकाउने नीति बनाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराएका थिए ।

साधारणसभाको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका वन, वातावरण तथा पर्यटनमन्त्री तुलसी चौधरीले उद्योगीका समस्या तीनै तहका सरकारसँग जोडिएको बताए । उनले रूपन्देही औद्योगिक क्षेत्रको केन्द्र तथा अर्थतन्त्रको जग भएको उल्लेख गर्दै उद्योग बलियो नभएसम्म सम्बन्धित क्षेत्रको विकास सम्भव नहुने धारणा राखेका थिए । उनले केही नीतिगत समस्याका कारण उद्योगीहरूले कठिनाइ भोग्नुपरेको बताउँदै बैंकको ब्याजदर घटे पनि उद्योगीहरूले सहज रूपमा ऋण प्राप्त गर्न नसकेको उल्लेख गरे । सफल उद्योगीहरूमाथि भएका गलत व्यवहारले निजी क्षेत्रको मनोबल कमजोर बनाउँदै लगेको उनको भनाइ थियो । 'देखासिकी गरेर उद्योग व्यवसाय खोल्ने प्रवृत्तिले मात्रै उद्योगको स्थायित्व सुनिश्चित हुँदैन । उद्योगीहरूले नयाँ प्रविधिको प्रयोगमा जोड दिनुपर्छ,' मन्त्री चौधरीले भने ।

यसतै रूपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य सुलभ खरेलले मुलुकमा अपेक्षित आर्थिक प्रजातन्त्र स्थापित हुन नसकेको बताए । उनले अन्तर्राष्ट्रिय राजनीतिक समस्याका कारण मूल्यवृद्धि बढेको र बजारमा अस्थिरता देखिएको उल्लेख गरे । सरकारले चाहेजस्तो सेवा दिन नसकेको स्वीकार गर्दै उनले विगतमा देखिएका धेरै समस्या समाधानको प्रक्रियामा रहेको बताए । निजी क्षेत्रका प्रतिनिधिलाई सिधै पक्राउ नगर्ने प्रतिबद्धता प्रधानमन्त्रीबाट आएको उल्लेख गर्दै उनले सरकार र निजी क्षेत्रबिच सहकार्य तथा लगानीको वातावरण निर्माण आवश्यक रहेको धारणा राखेका थिए । सकारका कमजोरी स्वीकार गरेर सुधार गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै सांसद खरेलले निजी क्षेत्रको विश्वास जित्न सके मात्रै लगानी र आर्थिक गतिविधि विस्तार हुने बताए । कार्यक्रममा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्यालले स्थानीय तहले गर्न खोजेका काममा विभिन्न अवरोध रहेको बताइन् । उनले वन स्रोतको उपयोग गर्न नपाइएको तथा वधशाला सञ्चालनसम्बन्धी विषय अदालतमा पुगेपछि संरचना प्रयोगविहीन भएर खण्डहर बन्न पुगेको उल्लेख गरिन् । स्थानीय सरकारले गरेका सकारात्मक कामको प्रचारप्रसार गर्न र कमजोरी देखिए त्यसलाई सुधार गर्न सहयोग गर्न उनले उद्योगी तथा सरोकारवालालाई आग्रह गरिन् । स्थानीय सरकारका कामको आलोचना मात्र नभई सुधारका लागि रचनात्मक सुझाव दिनुपर्ने उनको भनाइ थियो । साधारणसभामा उद्योगीहरूले उद्योग व्यवसायको विकासका लागि सरकारका नीति व्यवहारमै उद्योगमैत्री हुनुपर्ने धारणा राखेका थिए । उद्योग स्थापना तथा सञ्चालनका क्रममा करसम्बन्धी जटिलता, जग्गाको अभाव, नीतिगत अन्योल र प्रशासनिक समस्याले लगानी प्रभावित भएको उनीहरूको भनाइ थियो । कार्यक्रममा उद्योगी मेघराज भण्डारी, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेल, रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बेलहिया भन्सार कार्यालयका प्रमुख हरिहर पौडेल, संघका अध्यक्ष परिषद्का संयोजक तेजकुमार पाठक, संघका पूर्वअध्यक्ष तथा लुम्बिनी उद्योग परिसंघका लुम्बिनी अध्यक्ष एजाज आलम, राष्ट्रिय स्वतन्त्र पार्टी रुपन्देहीका अध्यक्ष महेन्द्र उपाध्याय, नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे र श्रम संस्कृति पार्टीका अध्यक्ष छविलाल गुरुङलगायतले आआफ्नो भनाइ राख्दै उद्यागीका समस्या समाधानका लागि एकजुट हुन आग्रह गरे ।कार्यक्रममा संघको आजीवन सदस्यता प्राप्त गर्ने तथा साधारणसभा सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्योगीहरूलाई सम्मानसमेत गरिएको थियो । साधारणसभामा सहभागी उद्योगीहरूले औद्योगिक विकासका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायबिच सहकार्य आवश्यक रहेको औँल्याएका थिए । उद्योगीका समस्या समाधान गर्न नीतिगत सुधार, कर प्रणालीमा सहजता, औद्योगिक क्षेत्रको व्यवस्थित विकास र उद्योग विस्तारका लागि आवश्यक जग्गाको व्यवस्था गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्ले, प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, महासचिव सुमन बस्याललगायतले आआफ्नो भनाइ राखेका थिए ।

# कांग्रेस उपसभापतिमा लुम्बिनीबाट तीनजना निर्वाचित

बुटवल, असोज २६ (मेसस) । नेपाली कांग्रेसको १५ औं महाधिवेशनबाट लुम्बिनी प्रदेशका ३ जना उपसभापतिमा निर्वाचित भएका छन् । खुलातर्फ गुल्मीका डा.चन्द्रकान्त भण्डारी, समावेशीबाट नवलपरासीका उद्योगी विनोद चौधरी र महिलातर्फ अर्घाखाँचीकी पुष्पा भुसाल उपसभापतिमा निर्वाचित भएका हुन् । उपसभापतिको खुला प्रतिस्पर्धामा डा.भण्डारीले ३ हजार ७३५ मत प्राप्त गरी विजयी भएका छन् । उपसभापतिका उम्मेदवारमध्ये मधु आचार्यले दुई हजार ३४२ मत प्राप्त गरे । यस्तै गोविन्द भट्टराईले एक हजार ७५२, सुरेन्द्रराज पाण्डेले एक हजार ६७३, धनराज गुरुङले एक हजार ५९६, दीपक गिरीले ९२३ र प्रा.डा चन्द्रमोहन यादवले ७६० मत मात्रै प्राप्त गरे ।





यस्तैगरी समावेशी उपसभापति पदका अन्य चार प्रतिस्पर्धीलाई पछि पार्दै उद्योगी चौधरी विजयी भएका हुन् । उक्त पदमा पूर्वसहमहामन्त्रीद्वय फरमुल्लाह मन्सुर, जीवन परियार, नेतृ सीता गुरुङ र रञ्जित कर्ण चौधरी प्रतिस्पर्धी थिए । विजयी चौधरीले १ हजार ७४५ मत प्राप्त गरे भने उनका निकटतम प्रतिस्पर्धी जीवनले १ हजार ६५८ मत ल्याए ।

यस्तै फरमुल्लाह मंसुरले १ हजार १४४, सीता गुरुङले १ हजार ११२ र रञ्जित कर्णले ५६२ मत प्राप्त गरेका छन् । कांग्रेसमा ५० वर्ष लामो राजनीति गरेका नेताहरूलाई ९ वर्षअघि मात्र कांग्रेस प्रवेश गरेका चौधरीले हराइदिएका हुन् ।

यस्तैगरी नेपाली कांग्रेसको ८ दशकको इतिहासमा महिलाबाट उपसभापति पदमा पुग्ने दुई महिला छन् । पहिलो, शैलजा आचार्य, दोस्रो, पुष्पा भुसाल । उनीहरू उपसभापति पदमा पुगेको विधि भने फरक छ । २०५३ सालमा भएको कांग्रेसको नवौं महाधिवेशनबाट सभापति बनेका गिरिजाप्रसाद कोइरालाले उपसभापति पदमा आचार्यलाई मनोनित गरेका थिए । आचार्य उपसभापति बनेको २९ वर्षपछि विशेष महाधिवेशनबाट भुसाल सोही पदमा पुगिन् ।

विशेष महाधिवेशनले पारित गरेको विधानअनुसार नयाँ नेतृत्व चयन गर्दा भुसाल उपसभापति बनेकी थिइन् । तत्कालीन समयमा कार्यान्वयनमा रहेको विधानमा उपसभापतिका लागि छुट्टै कोटा भने छुट्याइएको थिएन । सर्वसम्मत नेतृत्व चयन हुँदा पार्टीमा तेस्रो वरियता हुने गरी भुसाल उपसभापति पदमा थिइन् ।

विशेष महाधिवेशन भएको ८ महिनापछि १५ औं महाधिवेशनबाट भुसाल उपसभापित पदमा दोहोरिएकी हुन् । संशोधित विधानमा वरिष्ठ उपसभापतिसहित पाँच जना उपसभापति हुने व्यवस्था छ । भुसालले महिला क्लस्टरबाट उपसभापति पदमा उम्मदेवारी दिएकी थिइन् । उनीसँग प्रतिस्पर्धा गर्न कुनै पनि उम्मेदवारले मनोनयन दर्ता नगरेपछि भुसाल निर्विरोध उपसभापति बनेकी हुन् ।

उपसभापतिमा निर्वाचित भएपछि डा.भण्डारीले आफूलाई विश्वास गरेर अमूल्य मत दिने महाधिवेशन प्रतिनिधि तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गरेका छन् । उनले महाधिवेशन प्रतिनिधिहरू तथा शुभेच्छुकहरूप्रति धन्यवाद व्यक्त गर्दै आफूहरूमाथि गरिएको विश्वासको शिर कहिल्यै झुक्न नदिने प्रतिबद्धता जनाएका छन् ।

'तपाईंहरूले मप्रति गर्नुभएको विश्वासको शिर कहिल्यै झुक्ने छैन,' उनले भनेका छन्, 'सधैँ 'म' होइन, 'हामी' र 'हाम्रो' भन्ने भावनाका साथ अघि बढ्नेछु ।' उनले आफ्नो निर्वाचनमा साथ र समर्थन दिने सबैप्रति हार्दिक आभार व्यक्त गरेका छन् ।

# कपिलवस्तुमा चाडपर्वलक्षित ६४ वटा क्यूआरटी परिचालन



कपिलवस्तु, असोज २६ । चाडपर्वका समयमा शान्ति, सुरक्षा कायम राख्न तथा सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न कपिलवस्तुमा ६४ वटा द्रुत प्रतिक्रिया टोली (क्यूआरटी) परिचालन गरिएको छ । जिल्लाभर सुरक्षा व्यवस्था प्रभावकारी बनाउन सोमबारदेखि परिचालन गरिएका टोलीले घटना तथा दुर्घटनाको सूचना प्राप्त हुनासाथ तत्काल घटनास्थलमा पुगेर आवश्यक कारबाही गर्नेछन् ।

प्रत्येक टोलीमा एउटा मोटरसाइकलमा दुई जना प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए । उनीहरू आवश्यक हातहतियार, सञ्चार सेट तथा अन्य सुरक्षा सामग्रीसहित परिचालित हुने उनको भनाइ छ । विशेषगरी सवारीसाधन पुग्न कठिन हुने र पैदल हिँडेर पुग्न समय लाग्ने स्थानमा तत्काल प्रहरी सेवा उपलब्ध गराउन क्यूआरटी परिचालन गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी उपरीक्षक भट्टले घटना, दुर्घटना वा कुनै पनि प्रकारका आपराधिक गतिविधिको सूचना प्राप्त हुनासाथ छिटो घटनास्थलमा पुगेर प्रतिक्रिया दिन टोली परिचालन गरिएको बताए ।  उनका अनुसार चाडपर्वका समयमा हुन सक्ने चोरी, तस्करीलगायत आपराधिक गतिविधि नियन्त्रण गर्न तथा सीमा क्षेत्रमा निगरानी बढाउन क्यूआरटी टोलीले जिल्लाका विभिन्न स्थानमा गस्ती गर्नेछ ।

चाडपर्वका बेला नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरी परिचालनलाई थप प्रभावकारी बनाइएको उल्लेख गर्दै प्रहरी उपरीक्षक भट्टले शङ्कास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरे ।

हार्दिक मंगलमय शुभकामना



विजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०८३
को पावन अवसरमा सम्पूर्ण बुबाआमा, दाजुभाई तथा
दिदीबहिनीहरुको सुख, शान्ति एवं दीर्घायुको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ASIAN DIAGNOSTIC
LABORATORY PVT. LTD.
Complete Diagonostic Solution, We care for your health...
Butwal-6, Tilottamapath, Nepal
071-531325, 532325, 9857089924
Post Box. No. 118
asiandiagnosticlab33@gmail.com
www.adlbutwal.com.np

हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को
पावन अवसरमा हाम्रा मासु व्यवसायी,
ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा,
दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



विशाल थापा
अध्यक्ष

थानीश्वर सुवेदी
महासचिव

मासु व्यवसायी संघ परिवार
बुटवल-९, रुपन्देही

राष्ट्रिय दैनिक
मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# सम्पादकीय

## चाडपर्व र आत्मनिर्भर अर्थतन्त्रको सपना

मुलुक विपत्तिको चपेटामा परेका बेलामा यो वर्षका हाम्रा मौलिकता र सांस्कृतिक पहिचान बोकेका सद्भावका पर्वहरु सुरु भएका छन् । दसैं, तिहार र छठ केवल धार्मिक तथा सांस्कृतिक पर्व होइनन्, पारिवारिक मिलन, सामाजिक सद्भाव र आर्थिक गतिविधिका महत्वपूर्ण अवसर पनि हुन् । यी पर्वले गाउँ र सहरलाई जोड्छन्, बजारमा चहलपहल बढाउँछन् र किसानदेखि साना व्यवसायीसम्मको आम्दानी बढाउने सम्भावना बोकेका हुन्छन् तर पछिल्ला वर्षमा चाडपर्वको उत्साहसँगै बढ्दै गएको अनावश्यक खर्च, देखासिकी र आयातीत वस्तुप्रतिको आकर्षणले हाम्रो मौलिक संस्कृति र आर्थिक आत्मनिर्भरतामाथि प्रश्न उठाएको छ ।

यसपालि बाढीपहिरो र प्राकृतिक विपत्तिले धेरै परिवारको खुसी खोसेको छ । रसुवाको हिमबाढी तथा असोजमा भएका बाढीपहिरोले जनधनमा क्षति पुऱ्याउनुका साथै सडक र आपूर्ति व्यवस्थामा समेत अवरोध सिर्जना गरेका छन् । यस्तो अवस्थामा पीडितप्रति सहानुभूति राख्दै चाडपर्वलाई तडकभडकभन्दा सादगी, मितव्ययिता र मानवीय संवेदनासहित मनाउनु अझ सान्दर्भिक हुन्छ ।

चाडपर्वको वास्तविक खुसी महँगा लुगा, गरगहना, विलासी सामान र महँगा भोजभतेरमा होइन, परिवारको आत्मीयता, आपसी सद्भाव र सामाजिक सहयोगमा निहीत हुन्छ । आफ्नो आर्थिक क्षमताभन्दा बढी खर्च गरेर ऋणको भार नबोकौं । मितव्ययिता भनेको खुसीमा कटौती गर्नु होइन, खर्चलाई विवेकपूर्ण बनाउनु हो । स्थानीय किसानका उत्पादन, स्वदेशी कपडा, फूल, माटाका पाला, बाँसका सामग्री तथा घरेलु उत्पादनलाई प्राथमिकता दिनुपर्छ । यसले स्थानीय उत्पादनको बजार विस्तार गर्नुका साथै किसान, कालीगढ र साना उद्यमीको आम्दानी बढाउँछ । देशभित्रै रोजगारी सिर्जना गर्न र पुँजीको पलायन रोक्नसमेत सहयोग पुग्छ । चाडपर्वका नाममा हुने अनावश्यक खर्च, खाद्यान्नको अपव्यय र देखासिकीलाई निरुत्साहित गर्नु परिवार र समाज दुवैको जिम्मेवारी हो । बालबालिकालाई पनि खर्चभन्दा संस्कार, उपभोगभन्दा उत्पादन र प्रतिस्पर्धाभन्दा सहयोगको महत्व सिकाउनुपर्छ । विपन्न, असहाय र विपत्तिमा परेका परिवारसँग खुसी बाँड्नु नै पर्वको मानवीय पक्ष हो । सरकारले पनि स्वदेशी उत्पादनको प्रवर्द्धन, बजार अनुगमन, सहज आपूर्ति र उपभोक्ता हित संरक्षणमा प्रभावकारी भूमिका खेल्नुपर्छ । नागरिकले मितव्ययी जीवनशैली अपनाउने र राज्यले उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने हो भने चाडपर्व राष्ट्रिय समृद्धिका आधार बन्न सक्छन् । तडकभडक र ऋणको बोझ होइन, सादगी, सद्भाव र स्वदेशी उत्पादनसँग जोडौं । आफ्नो क्षमता बुझेर खर्च गरौं, स्थानीय उत्पादनलाई माया गरौं र दुःखमा परेकालाई साथ दिऔं । खुसी बाँड्ने, सम्बन्ध जोड्ने र आत्मनिर्भर अर्थतन्त्रको जग बलियो बनाउने नै चाडपर्वको वास्तविक सार हो ।

# बुटवलमा खुल्यो पवन मिष्ठान्न भण्डारको नयाँ शाखा

बुटवल, असोज २६ (मेसस) । मिठाइको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमै ख्याति कमाएको 'पवन मिष्ठान्न भण्डार'ले आइतबारदेखि बुटवलमा शाखा सञ्चालन गरी व्यावसायिक कारोबार सुरु गरेको छ । बुटवल आसपास क्षेत्रका ग्राहकलाई लक्षित गर्दै पवन मिष्ठान्नले बुटवल-१०, कालिकानगरमा शाखा सञ्चालनमा ल्याएको हो ।

यसअघि बुटवलको अमरपथमा २६ वर्षअघि सञ्चालनमा ल्याइएको शाखा साँघुरो र व्यावसायिक प्रयोजनका लागि अनुकूल नभएपछि सात महिनाअघि बन्द गरिएको थियो ।

पवन मिष्ठान्नका सञ्चालक पवन हलुवाईले शाखा बन्द भएपछि बुटवल क्षेत्रका ग्राहकबाट अत्यधिक माग आएको बताए । ग्राहकको मागलाई ध्यानमा राख्दै कालिकानगरस्थित सुविधासम्पन्न स्थानमा पुनः शाखा सञ्चालनमा ल्याएर व्यावसायिक कारोबारलाई निरन्तरता दिइएको उनले बताए । उनका अनुसार करिब ३० लाख रुपैयाँको लगानीमा बुटवल शाखा सञ्चालनमा ल्याइएको हो । बुटवल शाखामा भैरहवामा जस्तै चिया-नास्ताका परिकार तयार पारेर उपलब्ध गराइनेछ भने मिठाइ भैरहवामै उत्पादन गरी बुटवल पुऱ्याइनेछ ।

५८ वर्षअघि भैरहवामा टिनको पाताले छाएको सामान्य छाप्रोबाट व्यावसायिक कारोबार सुरु गरेको पवन मिष्ठान्नले अहिले आधुनिक पूर्वाधारसहित आफ्नो व्यवसायलाई अन्तर्राष्ट्रिय स्तरसम्म विस्तार गरेको छ । 'बुटवल क्षेत्रमा हाम्रो मिठाइको माग अत्यधिक छ,' हलुवाईले भने, 'अब बुटवल क्षेत्रका र बुटवल हुँदै आवतजावत गर्ने अन्य क्षेत्रका यात्रुले पनि पवनको मिठाइ लिन भैरहवामै पुग्नुपर्ने बाध्यता छैन ।'




वि.सं. २०२५ सालमा भैरहवामा स्थापना भएको पवन मिष्ठान्न भण्डारको ख्याति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलिएको छ । भैरहवाका लागि भने यो प्रतिष्ठान सहरको पहिचान नै बनेको छ ।

भैरहवामा पहिलोपटक आउने व्यक्तिका लागि पवन मिष्ठान्न भण्डार एउटा 'माइलस्टोन'का रूपमा परिचित छ । यहाँ आउने जोकोहीका लागि यो आकर्षक गन्तव्य बन्ने गरेको छ । घरपरिवार, नातेदार तथा आफन्तका लागि कोसेलीका रूपमा पवनको मिठाइ लिएर जाने चलन पनि उत्तिकै लोकप्रिय छ । 'यो ख्याति हासिल गर्न हाम्रा पुर्खादेखिकै योगदान छ,' पवन भन्छन्, 'हाम्रो मिठाइमा कायम शुद्धता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको स्वाद नै सफलताको मूल मन्त्र हो ।'

पवन मिष्ठान्न भण्डारका संस्थापक ७५ वर्षीय राधेश्याम हलुवाई हुन् । भैरहवा र 'पवनको पेडा' एकअर्काका पर्यायजस्तै बनेका छन् । राधेश्यामले १७ वर्षको उमेरमा वि.सं. २०२५ सालमा टिनको छाप्रोमा मिठाइ पसल सञ्चालन गरेका थिए । वि.सं. २०२७ सालमा जेठो छोरा जन्मिएपछि उनले छोराको नाममा आफ्नो पसलको नाम 'पवन मिष्ठान्न भण्डार' राखेका हुन् ।

पवन मिष्ठान्न भण्डारमा हाल ३० प्रकारका मिठाइ उपलब्ध छन् । यहाँ दैनिक एक हजार लिटरभन्दा बढी दुध र एक सय किलोभन्दा बढी खुवाको खपत हुने गरेको छ । यस प्रतिष्ठानमा ८० जना प्रत्यक्ष रूपमा कामदार तथा कर्मचारीका रूपमा कार्यरत छन् भने अप्रत्यक्ष रूपमा करिब २०० किसानका परिवार लाभान्वित हुँदै आएका छन् ।

पवन मिष्ठान्न भण्डारको ख्याति र बढ्दो लोकप्रियताका कारण काठमाडौंका केही स्थानमा 'पवनको मिठाइ' भन्दै ग्राहकलाई झुक्याएर मिठाइ बिक्री गर्ने गरिएको सञ्चालक पवनले बताए । उनले भैरहवा मुख्य र बुटवलबाहेक अन्यत्र कतै पनि पवन मिष्ठान्न भण्डारको शाखा नरहेको स्पष्ट पारेका छन् ।

# बाणगंगामा कपडा बैंक स्थापना

कपिलवस्तु, असोज २६ (मेसस) । कपिलवस्तुको बाणगंगा नगरपालिका-८ चप्परगाउँमा लुम्बिनी प्रदेशको दोस्रो, जिल्लाको प्रथम रूपमा कपडा बैंकको शाखा स्थापना गरिएको छ । सोमबार एक कार्यक्रमका बिच बाणगङ्गा नगरपालिकाका प्रमुख चक्रपाणि अर्यालले उद्घाटन गरे । सोही अवसरमा बोल्दै उनले विपन्न नागरिक गाँस, बास र कपासबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले स्थापना भएको कपडा बैंकलाई सञ्चालन गर्न सबैको सहयोग आबश्यक पर्ने बताए ।

उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष डोलकराम घिमिरेलगायतले बोल्दै उदाहरणीय काम सुरु भएको भन्दै प्रशंसा गरे । कार्यक्रम नेपाल स्वयंसेवक संघका महानायक राजेश हमालको संरक्षण तथा नेपाल स्वयं सेवक संघको समन्वयमा आयोजित कार्यक्रममा वरिष्ठ समाजसेवी उमानाथ पौडेल नगरसभापति विष्णु न्यौपाने, अध्यक्ष खेमराज पौडेलको अध्यक्षता, वडा नम्बर ८ का जनप्रतिनिधि शैलेन्द्र बेलबासेको स्वागत तथ समाजसेवी पशुपति गिरीको सञ्चालनमा सम्पन्न भएको थियो ।





## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना २७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय जितपुरबाट तपशिलमा उल्लेखित ऋणीले साना व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

| ऋणीको विवरण |
|---|
| टिकाराम सुनारको नाति ढण्डपानी सुनारको छोरा गुल्मी जिल्ला हर्मिचौर वडा नं. ४ हाल, कालिगण्डकी गा.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर वि.क.** (ना.प्र.नं. : ५८१५८ जारी मिति र जिल्ला : २०६२/१२/२०, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) पदम सिह वि.क. को छोरी ढण्डपानी सुनारको बुहारी कृष्ण बहादुर वि.क. को पत्नी गुल्मी जिल्ला हर्मिचौर वडा नं. ४ हाल, कालिगण्डकी गा.पा. वडा नं. १ बस्ने **लक्ष्मी वि.क.(रासायली)** (ना.प्र.नं. : ४११०२९/१४९ जारी मिति र जिल्ला : २०७०/०१/१४, गुल्मी) |
| २) गगन रावतको नाति झंकरे रावतको छोरा अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ६ हाल, बन्नीगढी जयगढ गा.पा. वडा नं. ६ बस्ने **शम्शेर बहादुर रावत** (ना.प्र.नं. : ६९१०३३/२००६३ जारी मिति र जिल्ला : २०६८/०२/१६, अछाम) |
| **यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :** मिति २०८१/०७/११ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# मारवाडी महिला मञ्चद्वारा संस्कृत आश्रममा पिउनेपानी

भैरहवा, असोज २६ (मेसस) । मारवाडी महिला मञ्च, भैरहवाले सिद्धार्थनगर नगरपालिका वडा नं ३ स्थित संस्कृत विद्या सन्यास आश्रममा शुद्ध तथा चिसो पिउनेपानीको व्यवस्था गरेको छ । आश्रममा अध्ययनरत बटुकहरूलाई गर्मीयाममा चिसो तथा स्वच्छ पिउनेपानीको अभाव हुन नदिन वाटर कुलर मेसिन जडान गरेको मारवाडी महिला मञ्च, भैरहवाको अध्यक्ष बेनु अग्रवालले जानकारी दिइन् ।



मारवाडी महिला मञ्चले मेसिन जडानका लागि २ लाख ३९ हजार ९ सय ५० रुपैयाँ खर्च भएको जनाएको छ । समाजको विकासमा योगदान पुऱ्याउने उद्देश्यसहित मञ्चले विभिन्न सामाजिक कार्य गर्दै आएको अध्यक्ष बेनु अग्रवालले बताइन् ।

समाजका लागि केही राम्रो काम गर्न पाउँदा आत्मसन्तुष्टि प्राप्त हुने उल्लेख गर्दै उनले सामाजिक सेवामा मञ्चको टीम निरन्तर लागिपरेको बताइन् । उनले आश्रममा रहेका बटुकहरुका लागि आगामी दिनमा पनि आवश्यक सहयोग गरिने बताइन् । मञ्चको संस्थापक अध्यक्ष बिना अग्रवालले संस्कृत आश्रममा सेवा गर्ने अवसर पाउँदा निकै खुसी लागेको बताइन् ।

स्वच्छ पिउनेपानी (स्वच्छ पेय जल) को व्यवस्था गर्न पाउनु सन्तुष्टिको विषय भएको उल्लेख गर्दै उनले मञ्चमा आबद्ध महिलाहरूलाई आग्रह गर्दा सबैले सहयोगका लागि तत्परता देखाएको बताइन् । उनले आश्रमले सेवा, समुन्नति र संस्कारलाई आत्मसात गर्दै आएको बताइन् । संस्कृत विद्या सन्यास आश्रमका पूर्वअध्यक्ष डीआर शर्माले वाटर कुलर जडान गर्नु पुण्य कार्य भएको बताए ।

गर्मीयाममा बटुकहरूलाई पिउनेपानीको व्यवस्थापनमा केही समस्या हुने गरेको उल्लेख गर्दै उनले त्यसको समाधानका लागि सोचिरहेको अवस्थामा मारवाडी महिला मञ्चले सहयोग गरेको बताए ।

सोमबार आयोजित वाटर कुलर मेशिन हस्तान्तरण कार्यक्रममा संस्कृत विद्या संन्यास आश्रमका पीठाधीश स्वामी श्री १००८ शान्तानन्द सरस्वती, मारवाडी युवा मञ्च, भैरहवाका अध्यक्ष रोहितकुमार अग्रवाल, मारवाडी महिला मञ्च भैरहवाको पदाधिकारी, सदस्यलगायतको उपस्थिति रहेको थियो ।


## भूमि प्रशासन कार्यालय अर्घाखाँचीबाट तिल बहादुर भाट नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०८३।०६।२३ मा जारी भएको ३५ दिने सार्वजनिक सुचना

यसमा जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ६ साविक नरपानी गाविस वडा नं ७ निवासी जग बहादुरको नातिनी तिल बहादुर भाट र निमकला भाटको छोरी साविक खाँचीकोट गाविस वडा नं ८ निवासी रेनुकला खत्रीले आफ्नो बुबा तिल बहादुर भाटको मिति २०८१।०६।१४ मा मृत्यु भएको र निजको एकमात्र श्रीमती निमकला भाटको मिति २०७९।०३।१८ गते मृत्यु भएको, निज दम्पत्तीबाट तीन छोरी जेठी शान्ति सुर्यवंशी, माइली हरिकला पुरी र कान्छी म रेनुकला खत्री भएको, छोराहरुको जायजन्म नभएको हुदा मृतक बुबा तिल बहादुर भाटको नाममा साविक नरपानी गाविस वडा नं ७ मा पर्ने कि नं २, ५ र २२७ क्षेत्रफल ३-४-०-३, ३-५-१-३, ०-२-१-१ क्रमशका जग्गाहरु मेरा नाममा एकलौटी नामसारी गराई पाउ भनी सन्धिखर्क नगरपालिका वडा नं ६ को च.नं. २५१ मिति २०८३।०६।२१ को सिफारिस सहित माग निवेदन पेश गरेको निजहरुको मिसिल प्रमाण हेर्दा जग्गाधनी मृतक तिल बहादुर भाटको नाममा कायम रहेको जग्गा कान्छी छोरी म रेनुकला खत्रीको नाममा नामसारी गर्न मिल्छ वा मिल्दैन ? निज दम्पतीहरुबाट छोराहरुको जायजन्म भएको हो वा होइन ? सो जग्गाको हकवाला अन्य व्यक्ति भए उक्त सम्पति नामसारी गर्न दावि विरोध छ वा छैन ? निवेदकले भने बमोजिमको व्यहोरा ठिक हो वा होइन ? निवेदक बाहेक अन्य हकवालाका नाममा माथि उल्लेखित जग्गा नामसारी गर्नुपर्ने अवस्था छ वा छैन ? निवेदकले भने बमोजिमको व्यहोरा ठिक हो वा होइन ? उक्त जग्गामा कोही कसैको दावी विरोध भएमा यो सूचना जारी भएको मितिले बाटोको म्यादवाहेक ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स-प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा निवेदक रेनुकला खत्री नाममा एकलौटी नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ ।

तपशिल

| सि. नं. | गा.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नरपानी | ७ | २<br>५<br>२२७ | ३-४-०-३<br>३-५-१-३<br>०-२-१-१ | आवादी<br>खर<br>आवादी | जग्गाधनिको नाम : तिल बहादुर भाट<br>नामसारी माग गर्ने : रेनुकला खत्री |



## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मितिः २०८३।०६।२७

राजकुँडा सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमी-१, कपिलवस्तुको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा पुनरुत्पादन, ढलापडा तथा सुधार कटान तर्फका रुखहरु कटान गरी उत्पादन भइ समूहको घाटगद्दीमा रहेका काठ दाउरा तथा वन पैदावार आपूर्ती समितिबाट फिर्ता भएको साल गोलिया समेतको कायम गरिएको लटहरु मध्ये लट नं. १ लाई मात्र मिति २०८३।०६।२५ गतेको समूहको निर्णय अनुसार रद्ध गरिएकोले उक्त लटमा कायम गरी राखिएका साल गोलिया २८३ थानको १३१६.०४ घ.फि., असना गोलिया १३ थानको २७७.५७ घ.फि., जामुन गोलिया ९ थानको १९.८७ घ.फि. काठ र अन्य विभिन्न प्रजातीका गोलिया १३९ थानको ५२६.११ काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना साथै लुम्बिनी प्रदेश, वन, वातावरण तथा पर्यटन मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय, कपिलबस्तुको वेभसाइटमा समेत हेर्नु हुन अनुरोध छ ।

**श्री राजकुँडा सामुदायिक वन उपभोक्ता समूह**
बुद्धभुमी-१, विरपुर, कपिलवस्तु



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
LBF मार्का
सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**गगन सेनेटरी**
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोनः ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**पाल्पाली मगर सेनेटरी**
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०



## मायादेवी गाउँपालिका वडा नं. १ को अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निस्कासित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मुहम्मद ईसाहक मुसलमान**
वडा अध्यक्ष (एवं)
**मायादेवी गाउँपालिका वडा नं. १ को कार्यालय परिवार**
पकडी, कपिलवस्तु

# विद्युतीय व्यवसायी संघद्वारा शुभकामना आदानप्रदान

बुटवल, असोज २६ (मेसस) । रुपन्देही विद्युतीय व्यवसायी संघले आउँदै गरेका वडादशैं, दिपावली र छठ पर्वको अवसरमा व्यवसायीबिच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा बोल्दै नेपाल विद्युतीय व्यवसायी महासंघका तृतीय उपाध्यक्ष प्रकाशचन्द्र पाण्डेयले व्यवसायीक सफलता, सुख, शान्ति समृद्धिको शुभकामना व्यक्त गर्दै उज्यालो पर्व र उज्यालो विद्युत् व्यवसायीको भविष्य उज्यालो रहेको वताए।

निवर्तमान अध्यक्ष शान्ताराज खरालले व्यवसायमा प्रतिस्पर्धा रहेपनि सम्वन्धमा एकता रहोस् भन्ने शुभकामना दिए। केन्द्रीय सल्लाहकार तथा संस्थापक अध्यक्ष अनन्तमान थैवले उज्यालोको व्यवसाय गर्ने विद्युतीय व्यवसायीको जीवन पनि उज्यालो हुनुपर्ने धारणा राखे। उनले आपसमा फुटेर नभई जुटेर समस्या समाधान गर्न सकिने, आत्तिन र मात्तिन नहुने धारणा राखेका थिए।

कार्यक्रममा महासंघका सचिव तथा पूर्वअध्यक्ष लोकनाथ पोखरेल,निवर्तमान अध्यक्ष शान्ताराज खराल, सल्लाहकार सूर्य कुँवर, प्रदेश संयोजक दिपक पौडेल, वरिष्ठ उपाध्यक्ष विष्णु भण्डारी, उपाध्यक्षद्वय भिमलाल अधिकारी र रमा थापा क्षेत्री, महासचिव चिरञ्जिवी गैह्रे, सचिव जीवन पौडेल, जिल्ला कमिटी सदस्य विकास जिसी, बुटवल नगर अध्यक्ष वसन्त राना, तिलोत्तमा नगर अध्यक्ष चन्द्रमणि सुवेदी, शुद्धोधन नगर सदस्य विशाल गौतमलगायत शुभकामना दिएका थिए।

यस्तै शनिबार सम्पन्न भएको संघको ११ औं बैठकले रुपन्देही जिल्लाको १५ औं साधारण सभा पुस १८ गते गर्ने निर्णय गरेको जिल्ला अध्यक्ष केशवकुमार सिंह 'सुजित' ले जानकारी दिए।

# सितारा सामाजिक उद्यमी सहकारीको साधारणसभा

बुटवल,असोज २६ (मेसस)। तिलोत्तमा नगरपालिका-४, ड्राइभरटोलस्थित सितारा सामाजिक उद्यमी सहकारी संस्था लिमिटेडको १९ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। सहकारीका अध्यक्ष मातृका ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक कारोबारमा मितव्ययिता अपनाउँदै संस्थालाई व्यवस्थित रूपमा अघि बढाइएको बताइन्। २०६४ सालमा २५ जना सदस्यबाट सुरु भएको सहकारीमा हाल ८११ सदस्य रहेको उनले बताए। सहकारीले यस वर्ष ९.४५ प्रतिशत बोनस सेयर लाभांश दिने जनाएको छ।

साधारणसभामा लेखा सुपरिवेक्षण समितिकी सहसंयोजक सीता खनालले लेखा प्रतिवेदन र कोषाध्यक्ष पिताम्बर खनालले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। सोही अवसरमा संस्थाले ज्येष्ठ सदस्य, असल ऋणी, पूर्वसल्लाहकार तथा उत्कृष्ट विद्यार्थीलाई सम्मान गरेको छ।

साधारणसभामा संस्थाका उपाध्यक्ष रमेशकुमार पराजुली, सल्लाहकार झविन्द्र भन्डारी, यादव भण्डारी र संस्थापक अध्यक्ष रामबहादुर खड्काले शुभकामना मन्तव्य व्यक्त गर्दै सहकारीलाई सदस्यको हितमा केन्द्रित गर्दै पारदर्शी, व्यवस्थित र विश्वासिलो संस्थाका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।


## माइग्रेशन सर्टिफिकेट हराएको सुचना

मेरो निम्न व्यहोराको माइग्रेशन सर्टिफिकेट मिति २०८३।०५।०३ गते योगीकुटीदेखि गोलपार्कतर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम: विज्ञान अर्याल
ठेगाना: बुटवल-९, रूपन्देही
क्याम्पस: कालिका क्याम्पस, बुटवल
सिम्बोल नं.: ९४९८३०७१
रजिष्ट्रेशन नं.: ७९५४९०४७०३२५
सम्पर्क: ९७६६८१९८८९


## Mayadevi Rural Municipality

Office of Rural Municipal Executive

Barewa, Rupandehi, Lumbine Province, Nepal

## Invitation for Bids

**Date of First Publication: 27/06/2083**

1. Mayadevi Rural Municipality Barewa, Rupandehi invites online bids Under Procurement system to the bidders for the Procurement of following works under National Competitive procedure :

| S. N | Contract Identification Number | Project Name | Bid security amount NRS/ Validity Period (120days) | Estimated amount NRS (Without VAT & Excluding P.S) |
|---|---|---|---|---|
| 1 | 01/MRMUN/WORS/ NCB/2083-84 | Prasahawa Gau ma sadak Istarwonati Mayadevi 05 | 60000 | 2114319.42 |
| 2 | 02/MRMUN/WORS/ NCB/2083-84 | Piprahawa Gauma sadak RCC dhalan Mayadevi 02 | 60000 | 2130684.12 |
| 3 | 03/MRMUN/WORS/ NCB/2083-84 | Ward Istariya Sadak PCC dhalan Mayadevi 06 | 60000 | 2117471.25 |
| 4 | 04/MRMUN/WORS/ NCB/2083-84 | Ward Istariya Sadak Istarwonati Mayadevi 04 | 60000 | 2131818.99 |
| 5 | 05/MRMUN/WORS/ NCB/2083-84 | Banbatika Path sadak PCC dhalan Mayadevi 08 | 60000 | 2127770.11 |
| 6 | 06/MRMUN/WORS/ NCB/2083-84 | Mayadevi Gaupalika ward no 7 Administrative Building Boundary wall Mayadevi 07 | 120000 | 4219328.40 |
| 7 | 07/MRMUN/WORS/ NCB/2083-84 | Komrahawa Gau ma sadak PCC dhalan Mayadevi 07 | 70000 | 2409149.94 |

2. Submission and Opening:

| Pre-bid Meeting | Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Date & Time for Bid Opening |
|---|---|---|---|
| 2083/07/08,14:00 Hr | 2083/07/16, 17:00 Hr | 2083/07/17, 12:00 Hr | 2083/07/17,14:00Hr |

3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
5. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## Gaumukhi Rural Municipality

Office of Rural Municipal Executive

Puja, Pyuthan

## Invitation for Bids (IFB)

**IFB No: 2083/084-1**

Date of publication: 2083/06/27 (13th Oct 2026)

1. Gaumukhi Rural Municipality, Office Pyuthan invites Hardcopy Bids From Nepalese eligible bidders for the following works.

| S. N | Contract Identification Number | Name of Work | Estimated Cost Without (Vat & Ps) | Bid Security Amount (Nrs) | bid Document Fee (Nrs) | (Bid + Security) validity Period | AACT (Nrs) | Specific Construction Experience |
|---|---|---|---|---|---|---|---|---|
| 1 | GRM/PYU/ NCB/W/ 2083/084-1 | Upgrading of Aarabare Arkha To Sadak | NA | 6,50,000 | 5,000.00 | 90/120Day | 3,95,00,000 | Construction of at least All Type of Soil & Rock Cutting Work of minimum 1.83 Cr.within last 10 years. |
| 2 | GRM/PYU/ NCB/W/ 2083/084-2 | Upgrading of Hariyakhola To Falate Sadak | 1,05,66,190.40 | 3,00,000 | 3,000.00 | 90/120Day | N/A | N/A |

2. Submission and Opening Details.

| Submission Deadline | | | Opening Deadline | | Remarks |
|---|---|---|---|---|---|
| Date | Time | Submission Adress | Date | Time | |
| 03 Nov 2026 (17 Kartik,2083) | 12:00 Hrs | Office or gaumukhirm2073@gmail.com | 03 Nov 2026 (17 Kartik,2083) | 1:00 Hrs | Opening will be done at GRM Office Pyuthan,Puja.(NCB) |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gaumukhi Rural Municipality, Pyuthan During office hours.
4. Information to deposite the bid security and cost of bidding document in bank.

| Account Holder's name | Bank name and Address. | Account number | Account number | Rajaswa shirshak No | Office Code No. |
|---|---|---|---|---|---|
| Gaumukhi rural Municipality Office Puja, Pyuthan | Nepal SBI Bank Gaumukhi Branch.Gaumukhi-5, Thulabesi | 41425240600014 (rajaswa) | 41425240600013 (Dharauti) | 14229 | 801055504 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Note: "The bidding document is available also on the office website: https://gaumukhimun.gov.np."

**Cheif Administrative Officer**


## शुद्धोधन गाउँपालिकाको अनुरोध

- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध बिच्छेद एवं बसाईसराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरु फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऊ ।
- बालमैत्री, अपाङ्गमैत्री संरचना निर्माण गरौं ।
- विपद्को पूर्वतयारी गरौं ।
- सम्भावित जोखिमको मूल्यांकन गरौं ।
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसंग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अबभ्यासमा सहभागी बनौं ।
- बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।
- विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कमलेश शरण चौधरी, अध्यक्ष | होमप्रकाश चौधरी (कुर्मी), उपाध्यक्ष | ईश्वरी प्रसाद न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु



## डिभिजन वन कार्यालय तौलिहवा, कपिलवस्तुको अनुरोध

वनको दिगो व्यवस्थापन
लुम्बिनीको समृद्धिको एक आधार ।

त्यसैले वनमा गर्नुपर्ने कार्ययोजना अनुसारका कार्यहरु जस्तैः झाडी सफाई, पत्लाउने कार्य, सुधार कटान, पुनरुत्पादन कटान समयमै सम्पन्न गरौं र संरक्षण गरौं । रोजगारी, उद्यम विकास र समृद्धिमा टेवा पुर्‍याऔं ।

डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)
तौलिहवा, कपिलवस्तु



## यशोधरा गाउँपालिकाको अनुरोध

- समयमै कर तिरी विकास निर्माणमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध बिच्छेद एवं बसाईसराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरु फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऊ ।
- बालमैत्री, अपाङ्गमैत्री संरचना निर्माण गरौं ।
- विपद्को पूर्वतयारी गरौं ।
- सम्भावित जोखिमको मूल्यांकन गरौं ।
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसंग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अबभ्यासमा सहभागी बनौं ।
- बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।
- विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं ।

विजयादशमी, शुभ दिपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा समस्त देशवासी बुबा–आमा, दाजु–भाई, दिदी–बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिवदयाल तिवारी, अध्यक्ष | गुन्जादेवी मौर्या, उपाध्यक्ष | वलिराम यादव, प्रमुख प्रशासकीय अधिकृत

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु

## हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्णबहादुर कुंवर क्षेत्री, अध्यक्ष | एवं | हरि रावल, व्यवस्थापक

**मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बुटवल-८, रुपन्देही

## हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मण आचार्य क्षेत्री
अध्यक्ष (एवं)

**कल्याणकारी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
बुटवल-८, रुपन्देही

## हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. ऋषिबहादुर हुम्जाली मगर

**हुम्जाली इलेक्ट्रिकल रिपेयर सेन्टर परिवार**
४ नं. जितपुर, कपिलवस्तु, फोनः ९८६७१८९८८६
हामीकहा इलेक्ट्रिकल सम्बन्धी सम्पूर्ण सामानहरु मर्मत गर्नुका साथै ३ फेस वायरिङ्ग सेवा उपलब्ध छ।

## हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तिलकराम आचार्य
अध्यक्ष (एवं)

**सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
बुटवल-९, मिलनचोक, रुपन्देही

## हार्दिक शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. कमला पौडेल

**वि. पि. इलेक्ट्रिक एण्ड प्लम्बिङ्ग परिवार**
वाणगंगा नपा-४, सिद्धिपुर, कपिलवस्तु, फोनः ९८४७१३५२७०
हामीकहा इलेक्ट्रिकल सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मुल्यमा पाइनुका साथै हाउस वायरिङ्ग तथा प्लम्बिङ्ग सेवा उपलब्ध छ।

## श्री बैजलपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूहको अनुरोध

- वृक्षरोपण गरौं, वनको संरक्षण गरौं।
- वन जोगाऔं, वनले हामीलाई जोगाउँछ।
- रोपण गरिएका विरुवाहरुको संरक्षण गरौं।
- वन जंगल प्रवेश गर्दा निषेधित वस्तुहरु लिई प्रवेश नगरौं।
- सम्पूर्ण उपभोक्ताहरुले आ-आफ्नो दायित्व पुरा गरौं।
- रुख जोगाई मानव जीवन बचाऊँ।
- जैविक विविधताको संरक्षण गरौं।
- पर्यावरण जोगाऊ, रुख रोपौं।

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा उपभोक्ता, कर्मचारी, शुभेच्छुक एवं समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सत्यनारायण थारु
अध्यक्ष (एवं)

**श्री बैजलपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह परिवार**
वाणगंगा नपा-२, बैजलपुर कपिलवस्तु

## हार्दिक शुभकामना

विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**दुर्गा काष्ठ फर्निचर उद्योग**
कवनपा-१, नयाटोल, तौलिहवा, कपिलवस्तु
फोनः ९८४७८२८६०३१, ९८१५४१४१५७, ९८०७५७९६६५
हामीकहा सोफा, दराज, टेबलहरु लगायत फर्निचर सम्बन्धी सम्पूर्ण सामान पाउनुका साथै अर्डर बमोजिम तयार गरिन्छ ।

## जुरपानी सामुदायिक वन उपभोक्ता समूहको अनुरोध

- वृक्षरोपण गरौं, वनको संरक्षण गरौं।
- वन जोगाऔं, वनले हामीलाई जोगाउँछ।
- रोपण गरिएका विरुवाहरुको संरक्षण गरौं।
- वन जंगल प्रवेश गर्दा निषेधित वस्तुहरु लिई प्रवेश नगरौं।
- सम्पूर्ण उपभोक्ताहरुले आ-आफ्नो दायित्व पुरा गरौं।
- रुख जोगाई मानव जीवन बचाऊँ।
- जैविक विविधताको संरक्षण गरौं।
- पर्यावरण जोगाऊ, रुख रोपौं।

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा उपभोक्ता, कर्मचारी, शुभेच्छुक एवं समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शालिकराम शर्मा, अध्यक्ष | कमला वि.क., उपाध्यक्ष | सरिता खनाल, सचिव
कमला पाण्डे, कोषाध्यक्ष | नविन थारु, सह-सचिव

**जुरपानी सामुदायिक वन उपभोक्ता समूह परिवार**
बुद्धभूमी नपा-१, टिक्कर, कपिलवस्तु

## श्री अमृते सामुदायिक वन उपभोक्ता समूहको अनुरोध

वनको दिगो व्यवस्थापन
लुम्बिनीको समृद्धिको एक आधार।

त्यसैले वनमा गर्नुपर्ने कार्ययोजना अनुसारका कार्यहरु जस्तैः झाडी सफाई, पत्लाउने कार्य, सुधार कटान, पुनरुत्पादन कटान समयमै सम्पन्न गरौं र संरक्षण गरौं। रोजगारी, उद्यम विकास र सम्वृद्धिमा टेवा पुर्‍याऔं।

विजयादशमी, शुभ दीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा हाम्रा उपभोक्ता, कर्मचारी, शुभेच्छुक एवं समस्त देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्र पौडेल, अध्यक्ष | मिना सिंजापति, सचिव | सिता शर्मा न्यौपाने, कोषाध्यक्ष

**श्री अमृते सामुदायिक वन उपभोक्ता समूह परिवार**
वाणगंगा नपा-७, भर्तापुर, कपिलवस्तु

## हार्दिक शुभकामना



विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायण प्रसाद पौडेल
प्रिन्सिपल (एवं)

**बुद्धशान्ति इङ्गलिस बोर्डिङ्ग स्कूल परिवार**
कपिलवस्तु नपा-९, कुश्मा, कपिलवस्तु

## हार्दिक शुभकामना



विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बसन्तराज खनाल, अध्यक्ष | एवं | भोजराज पोखेल, प्राचार्य

**पारिजात माध्यमिक विद्यालय परिवार**
वाणगंगा-७, वनगाई, कपिलवस्तु

## हार्दिक शुभकामना



विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ठाकुर प्रसाद पोखेल, प्राचार्य | युवराज पोखेले, प्रबन्ध निर्देशक | सरोज खनाल, अध्यक्ष

**कपिलवस्तु ज्ञानज्योती शिक्षा सदन परिवार**
वाणगंगा-६, बैदौली, कपिलवस्तु

## हार्दिक शुभकामना



विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दुनिका प्रसाद भुसाल, अध्यक्ष | एवं | प्रकाश भुसाल, प्रिन्सिपल

**अन्नपूर्ण विद्या मन्दिर मा.वि. परिवार**
वाणगंगा-५, कोपवा, कपिलवस्तु

## हार्दिक शुभकामना



विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व- २०८३ को पावन अवसरमा हाम्रा शेयर सदस्य, कर्मचारी, शुभेच्छुक एवं देशवासी बुबा-आमा, दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरतराज न्यौपाने, अध्यक्ष | एवं | मनोज पौडेल, व्यवस्थापक

**हिमाली सहकारी संस्था लि. परिवार**
वाणगंगा-५, कोपवा, कपिलवस्तु

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६